# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असार २५ गते, २०८० साल (संख्या १७


## भाग ३

### नेपाल सरकार

### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

### सूचना

### सवारी तथा यातायात व्यवस्था (नवौं संशोधन) नियमावली, २०८०

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सवारी तथा यातायात व्यवस्था (नवौं संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६ मा संशोधन:** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) उपनियम (३) बमोजिम साविक दर्ताको लगत कट्टा गर्ने कार्यालयले त्यसरी लगत कट्टा गरिएका सवारीको छुट्टै अभिलेख खडा गरी दर्ता कायम रहेका सवारीको अभिलेख प्रत्येक तीन महिनामा अद्यावधिक गर्नु पर्नेछ।"

३. **मूल नियमावलीको नियम १८ मा संशोधन:** मूल नियमावलीको नियम १८ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) को,-

(१) उपखण्ड (१) मा रहेका "४० सिट" भन्ने शब्दहरुको सट्टा "४५ सिट" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपखण्ड (४) को सट्टा देहायको उपखण्ड (४) राखिएको छः-

"(४) बसको भित्री उचाई ६६ ईञ्च,"

(३) उपखण्ड (७) को सट्टा देहायको उपखण्ड (७) राखिएको छः-

"(७) बसको उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको सङ्कटकालीन निकासको व्यवस्था,"

(ख) खण्ड (ख) को उपखण्ड (७) को सट्टा देहायको उपखण्ड (७) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

"(७) बसको उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको सङ्कटकालीन निकासको व्यवस्था,"

(ग) खण्ड (ग) को उपखण्ड (५) पछि देहायको उपखण्ड (६) थपिएको छः-

"(६) बसको उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको सङ्कटकालीन निकासको व्यवस्था।"

(घ) खण्ड (घ) को उपखण्ड (५) पछि देहायको उपखण्ड (६) थपिएको छः-

"(६) बसको उपयुक्त स्थानमा ढोका, झ्याल वा स्केप ह्याच सहितको सङ्कटकालीन निकासको व्यवस्था।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) यो उपनियम प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका उपनियम (१) को खण्ड (क) को उपखण्ड (७), खण्ड (ख) को उपखण्ड (७), खण्ड (ग) को उपखण्ड (६) र खण्ड (घ) को उपखण्ड (६) बमोजिमको स्तर कायम नगरेका यात्रीवाहक सवारीको हकमा यो उपनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्तो स्तर कायम गर्नु पर्नेछ।"

**आज्ञाले,**

**केशव कुमार शर्मा**

**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।